## मेरा रातहरू

मेरा रातहरू अति चिसा छन्
चिसा छन् यी ओछ्यानहरू
हिउँदका रातहरू कहरले सुस्केरा काढ्दै
म बिताउँछु ।

सिरक ओढ्छु, त्यसले मलाई पर्याप्त न्यानो दिँदैन,
सिरानी अँगाल्छु, त्यसले मलाई
कोमल स्पर्शको अनुभूतिले
रोमाञ्चित तुल्याउँदैन,
कसैलाई आलिङ्गनमा बाँध्ने चाहले
मलाई जवरजस्ती सताउँछ
चुम्बनपछि चुम्बनको वर्षा गर्दै जाने तृष्णाले
व्याकुल तुल्याउँछ,
कुनै तरुनी शरीरको प्रत्येक अङ्गलाई
समाएर सुमसुम्याउँदै
खेलाउने रहर
जागृत ज्वालामुखी झैँ सल्कन्छ,
त्यसको अप्राप्यतामा
मेरा रात दुःखद स्खलनमा
घटित हुदै बित्छ ।

मेरा रातहरू अति पीडादयी छन्,
अतृप्तिको पीडाले म रन्थनिन्छु
बासनाको ज्वारले लखेटेर भित्रभित्र सम्म
एक्लै छटपटिन्छु,
वेदनाको आँसुले चिसा रातहरूमा
मेरो अँगालोको सिरानी भिज्छ ।

म वर्षौंदेखि किलामा झुन्ड्याएको ह्याङ्कर
जसमा अहिले कुनै वस्त्र सजाएको छैन
म त्यो नाङ्गो र खाली खाली भित्ता
जसमा कुनै दम्पतीको तस्वीर सहितको
फ्रेम टाँगिएको छैन,
म हिटरविनाको हिउँदका रातको चिसो कोठा
मेरो कोठा अनूदित भएको छ अहिले
अन्तर्मुखी स्वभावमा
अव्यक्त

मौन
र गुप्त पीडामा
प्रेम र सहवासका मीठा र तरल ध्वनिहरूका गुञ्जनले
वञ्चित छ मेरो कोठा ।

६ ६ ६